# तिला राजपत्र

## तिला गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १ मिति २०८० असार २१ गते

## भाग १

### तिला गाउँ कार्यपालिकाको कार्यालय

तिला गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**संवत् २०८० सालको ऐन नं १**

## खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८०

**प्रस्तावना :** खानेपानीका स्रोत तथा मुहानको संरक्षण, स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक हकको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोग गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र अन्य माध्यमद्वारा सहज तथा दिगो रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता

सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम तिला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा २९ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने

उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले तिला गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(छ) "कार्य समिति" भन्नाले दफा १९ बमोजिम साधारणसभाबाट गठन भएको खानेपानी, तथा सरसफाइ उपभोक्ता संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(ज) "कोष" भन्नाले दफा ५२ बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्झनु पर्छ ।

(झ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर

तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँछ ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ठ) "जलस्रोत" भन्नाले गाउँपालिका भित्रको भू-

सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ड) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "दिगो उपयोग" भन्नाले खानेपानी, जलस्रोत, जलीय पारिस्थितीकीय प्रणाली र यिनका अवयवहरु दीर्घकालीन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(त) "गाउँपालिका" भन्नाले तिला गाउँपालिका सम्झनु पर्छ ।

(थ) "निकाय" भन्नाले गाउँपालिका वा सो अन्तर्गतका जुनसुकै



तिला गाउँपालिका

निकाय वा कार्यालय, प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतका विभाग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय सम्झनु पर्छ ।

(द) "निर्देशक समिति" भन्नाले दफा ८४ बमोजिमको तिला कर्णाली जलाधार स्तरीय एकजल निर्देशक समिति सम्झनु पर्छ ।

(ध) "पानीको स्रोत " भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, गाड, नाला, ताल, तलाउ, पोखरी, सिमसार, नाउला, कुवा, कुण्ड, मुहान तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचना समेतलाई जनाउँछ ।

(न) "पारिस्थितिकीय सेवा" भन्नाले विभिन्न पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने पानी, कपडा र अन्य सामग्री बनाउन आवश्यक कच्चा पदार्थहरू,जैविक र आनुवंशिक स्रोतहरू, औषधीजन्य

बिरुवाहरू जस्ता प्रावधान सेवा; पानी र हावा शुद्धीकरण, कार्बन भण्डारण, जलवायु नियमन, सडन, अपघटन वा विघटन ( डिकम्पोजिसन), पराग सेचन, जैविक कीट (अर्गानिक पेष्ट) र रोग नियन्त्रण जस्ता नियमन सेवा; मनोरञ्जन, सौन्दर्य, पर्यटन र आध्यात्मिक गतिविधि जस्ता सांस्कृतिक सेवा; र पोषक तत्व, प्रकाश संश्लेषण, प्राकृतिक चक्र (नेचुरल साइकल), माटोको सृजना जस्ता सहयोगी सेवा सम्झनु पर्छ र सो शब्दले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्बन सिञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन, तथा अन्य सेवा क्षेत्रबाट प्राप्त हुने लाभ समेतलाई जनाउँछ ।

(प) “पुनः चक्रीय प्रयोग” भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(फ) "प्रदूषण" भन्नाले खानेपानीको स्रोत, जलस्रोत वा वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ब) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(भ) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(म) "फोहरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहरपानीसँग मिसिएर

तिला गाउँपालिका

आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(य) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र गाउँपालिकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(र) "सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन, मानव मलमूत्रीय फोहर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम



तिला गाउँपालिका

राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ ।

(ल) "समन्वय समिति" भन्नाले दफा ७९ बमोजिमको गाउँपालिकास्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडास्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ ।

(व) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

(श) “सुरक्षित खानेपानी” भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र सो शब्दले हालको अवस्थामा धमिलोपना, मानव स्वास्थ्यसँग सम्बन्धित, तथा अन्य हानिकारक प्रदुषणको सघन सिमा मापदण्ड भित्र रहेको र इकोलि नभएको वा वितरण प्रणालिको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ।

(ष) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(स) “सेवा प्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा तथा स्वच्छता सम्बन्धी सेवा



तिला गाउँपालिका

प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ह) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन र व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ ।

(क्ष) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकाय समेतलाई जनाउँछ ।

(त्र) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँछ ।

(ज्ञ) "लैङ्गिक समानता र सामाजिक समावेशीकरण" भन्नाले महिला र पुरुष तथा विभिन्न सामाजिक समूह बिचको असमान शक्ति सम्बन्धलाई सम्बोधन गर्ने अवधारणालाई बुझाउँछ । यो अवधारणाले असमान शक्तिसम्बन्धहरूलाई पुनः सन्तुलित गर्दै सबै व्यक्तिहरूको लागि समान अधिकार, अवसर र सम्मान सुनिश्चित गर्न कार्य गर्दछ । महिला र पुरुष तथा विभिन्न सामाजिक समूहलाई अवसर, जिम्मेवारी,अधिकार, सेवा, लाभ,स्रोत /साधन आदिमा समान अवसर पहुँच र नियन्त्रण कायम राख्नु सम्झनु पर्छ ।

## परिच्छेद- २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार तथा कर्तव्य र खानेपानी प्रणाली सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार** : (१) प्रत्येक गाउँपालिकावासी नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक गाउँपालिकावासी नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा भेदभाव रहित नियमित रुपमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र सम्बन्धित खानेपानी, तथा सरसफाइ उपभोक्ता संस्थाको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्न गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल

सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **पानीको स्रोतमा अधिकार** : (१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रहि पानीको स्रोतमा नेपाल सरकारको अधिकार हुनेछ ।

(२) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

(३) घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(४) कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(५) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, वस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(६) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको साधारणसभामा उपस्थित सदस्यहरु मध्ये नब्बे प्रतिशत (

९०%) सदस्यहरुबाट लिखित पूर्व सहमति लिनु पर्नेछ र सो पश्चात् वडा समितिले समेत लिखित अनुमति दिएमा मात्र त्यस्तो संरचना निर्माण गर्न सकिनेछ।

(७) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्था वा समुदायलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार वा नयाँ संरचनाको निर्माण गर्नु पर्ने भए नयाँ संरचना निर्माण गर्नु पर्नेछ।

(८) नेपाल सरकार वा प्रदेश सरकारले गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व प्रभावित उपभोक्ता संस्था वा समुदाय, वडा कार्यालय र गाउँपालिकाको पूर्व सहमति लिनु पर्नेछ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षण :** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ।

(२) गाउँपालिकामा रहेका खानेपानीको स्रोत, मुहानको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :-

(क) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन

गर्ने र नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र दिगो उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, वहाव क्षेत्र, वहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(ङ) खानेपानीको मुहान, वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(च) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन, निष्कासन वा फ्याक्ने कार्य वा क्रियापलाप नगर्ने,

तिला गाउँपालिका

(छ) सडक निर्माण लगायत भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा खानेपानी वा पानीको स्रोतमा कुनै किसमको नकारात्मक असर नआउने गरी वातावरणमैत्री रुपमा गर्ने,

(ज) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

(३) उपभोक्ता संस्थाले अन्य वडा वा अन्य छिमेकी गाउँपालिकाको क्षेत्रमा रहेको मुहान, स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मुहान, स्रोतको संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

६. **गाउँपालिकावासी नागरिकको कर्तव्य** : (१) खानेपानीका स्रोत तथा मुहानको संरक्षण, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोगमा योगदानका लागि प्रत्येक गाउँवासी नागरिकको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) खानेपानीको स्रोत तथा मुहानको संरक्षण र दिगो उपयोग गर्ने,

(ख) खानेपानीको स्रोत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्षती वा प्रदुषण हुन सक्ने चरीचरण लगायतका कृयाकलाप नगर्ने र अरुलाई पनि निरुत्साहित गर्ने,

(ग) खानेपानीको स्रोतलाई प्रदुषण हुनबाट बचाउने, प्रदुषणको रोकथाम र नियन्त्रण गर्ने,

(घ) खानेपानीको स्रोत, पाइप, इन्टेक, जलाशय ( रिजरभायर),ट्यांकि तथा अन्य संरचनाको संरक्षण र सुरक्षा गर्ने,

(ङ) खानेपानी र अन्य प्रयोगमा आउनसक्ने पानी खेर नफाल्ने र दिगो उपयोग गर्ने,

(च) खेर गएको पानी र फोहरपानी करेसावारीको सिचाई, थोपा सिचाई वा पानीघट्ट जस्ता कार्यमा उपयोग गरी बहु उपयोग गर्ने,

(छ) मर्यादित महिनावारी ब्यवस्थापनको मान्यता अनुसारको प्रवन्ध मिलाई महिनावारीको समयमा खानेपानी तथा सरसफाईको क्षेत्रमा समन्यायिक पहुँच को स्थापना गन, लिङ्ग, जात

जातियताको आधारमा गरिने विभेद लगायत कुनै पनि किसिमको विभेद नगर्ने, नगराउने,

(ज) खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने,

(झ) भाँडा सुकाउने स्थान (चाङ) को निर्माण तथा उपयोग गर्ने,

(ञ) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन, निष्कासन वा फ्याक्ने कार्य वा क्रियापलाप नगर्ने,

(ट) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी तथा सरसफाइमा सहज र सुलभ रुपमा पहुँचमा लिङ्ग, जात, जातियता, धार्मिक आस्थाको आधारमा कुनैपनि किसिमको विभेद नगर्ने,

(ठ) आफ्नो निजी घर कम्पाउण्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड, वा

परिसर भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउने,

(ड) आफ्नो स्वामित्व वा हकभोगको घर, जग्गा वा संरचनामा गाउँपालिकाले तोके बमोजिमको प्रविधि प्रयोग गरी दिशापिसाबको व्यवस्थापन गर्ने, र

(ढ) खानेपानीको महसुल समयमा बुझाउने र सम्भव भए सम्म संञ्चालन तथा मर्मत सम्भार कोषमा वर्षेनी सक्दो योगदान दिने ।

(ण) खानेपानी तथा सरसफाइको क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकारण स्थापना गर्न, लिङ्ग, जात जातियता, उमेर, अपाङ्गताको आधारमा गरिने विभेद लगायत कुनै पनि किसिमको विभेद नगर्ने, नगराउने ।

(त) घर आवास जस्ता नयाँ संरचना बनाउँदा गाउँपालिकाले पारित गरेको भवन निर्माण

मापदण्ड बमोजिम मानव मलमुल संकलन र विसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा शौचालय, सेप्टिक ट्यांक आदि बनाएर संचालन गर्ने ।

(थ) यो ऐन लागु हुनुपुर्व बनेका शौचालय, सेप्टिक ट्यांक आदि पुराना संरचनालाई स्तरोन्नति गरी यसै बमोजिमको ढाँचा र गुणस्तरको बनाउने र संचालन गर्ने,

(द) कसैले कसैको स्वामित्वमा रहेको घर, टहरा, वा संरचनाको विकी वितरण वा स्वामित्व हस्तान्तरण गर्नुपूर्व त्यसरी स्वामित्व हस्तान्तरण हुने घर, टहरा, वा संरचनामा यो ऐनमा तोकिए बमोजिमको मानव मलमुत्रजन्य फोहरको व्यवस्थापन गर्नका लागि चाहिने शौचालय, सेप्टिक ट्यांक आदि संरचना बनाउनुपर्ने,

तिला गाउँपालिका

७. **खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धमा गाउँपालिकाको जिम्मेवारी** : (१) उपभोक्ता संस्थालाई सहज तथा दिगो रुपमा स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराइ स्वच्छ खानेपानी तथा सरसफाइमा समन्यायिक पहुँचसम्बन्धी मौलिक हकको परिपूर्ति गर्नमा विशेष योगदान पुऱ्याउन सक्षम र सबल बनाउन गाउँपालिकाले देहाय बमोजिमका कार्य गर्न गराउन सक्नेछ :-

(क) खानेपानीको स्रोत, मूल वा मुहान, नाउला, कुवा, कुण्ड, ताल, तलाउ पोखरी, तथा सिमसारको संरक्षण र दिगो उपयोग गर्ने, गराउने,

(ख) पानीका स्रोतहरुको संरक्षणका लागि संरक्षण तथा पुर्नभरण पोखरी, बृक्षारोपण, जैविक तटबन्धनका क्रियाकलापहरु सञ्चालन गर्ने र संरक्षणको आवश्यकता भएका संवेदनशिल जलाधार क्षेत्रको उपल्लो वा माथिल्लो तटिय क्षेत्रमा खुल्ला चरिचरनमा रोक लगाउनुका साथै भुव्यवस्थापन र वन क्षेत्र विस्तार र विकासमा जोड दिने,

(ग) परम्परागत खालहरुको संरक्षण, पुर्नस्थापना गर्ने र नयाँ पुर्नभरण पोखरीहरुको निर्माण तथा व्यवस्थापन गर्ने,

(घ) खानेपानी आयोजनाको क्षमताका आधारमा त्यस्तो आयोजनाको खानेपानीको स्रोत लगायत मूल वा मुहानमा र सोको आसपासको कम्तिमा तिन सय स्क्वायर मिटर क्षेत्रलाई पर्यावरणीय सम्वेदनसिल क्षेत्रका रुपमा विषेश संरक्षणका कृयाकलाप एबम कार्यक्रम गर्ने गराउने,

(ङ) स्रोत संरक्षणका क्रियाकलापहरुलाई दिगो हिसावले सञ्चालन गर्न वातावरणीय सेवा भुक्तानीको अवधारणलाई कार्यान्वयन गर्ने, गराउने,

(च) खानेपानीको स्रोतलाई प्रदुषण हुनबाट बचाउने, र प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्नुका साथै पानीको स्रोतको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन गर्न, फ्याक्न वा निष्कासन प्रतिबन्ध गर्ने,

(छ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउदा त्यस्ता सेवा उपलब्ध

नभएको क्षेत्र वा उपलब्ध भएपनि कम मात्रामा उपलब्ध भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट समेत बढाइ महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका मानिसहरु, जातिय अल्पसंख्यक, अति गरीब र पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकता दिने,

(ज) विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय वा सार्वजनिक शौचालय जस्ता क्षेत्रहरुमा निरन्तर पानीको आपुर्ति सुनिश्चित गर्ने र सो गर्नका लागि रिजरभायर ट्याकिं जस्ता संरचना निर्माण र संचालन गर्ने,

(झ) खानेपानीको पाईप, ईन्टेक, जलाशय (रिजरभायर), ट्याकिं तथा अन्य संरचना र उपकरणको संरक्षण गर्ने तथा खानेपानीको स्रोत, पाईप, ईन्टेक, जलाशय तथा अन्य संरचनालाई क्षति वा प्रदुषण हुने गरी कुनैपनि किसिमका भौतिक संरचना निर्माण गर्न प्रतिबन्ध लगाउने,

(ञ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने र वर्षमा कम्तिमा दुई पटक खानेपानीको आयोजना वा स्किमको पानीको गुणस्तरको परीक्षण, जाँच गर्ने, गराउने,

(ट) खानेपानीको आयोजनाको निर्माण, सञ्चालन तथा मर्मत सम्भार योजनाको तर्जुमा तथा कार्यान्वययनमा सम्बर्द्धन गर्ने, सहयोग गर्ने र सञ्चालन तथा मर्मत सम्भार कोषमा अनुदान दिने,

(ठ) पानीको बहुउपयोग गरी अन्य आयमुलक कार्यहरु गर्ने, गराउने,

(ड) खानेपानी, सरसफाई तथा स्वच्छता संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गतामैत्री, लैङ्गिक संवेदनशिलका साथै उपभोगकर्तामैत्री खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्ने र सेवा तथा सुबिधा प्रदान गर्ने,

(ढ) खानेपानी निसृत हुने क्षेत्र र खानेपानीको स्रोत लगायत मूल वा मुहानमा र सोको वरपर,



तिला गाउँपालिका

आसपासमा ढुङ्गा, गिट्टी, माटो, वालुवा निकाल्न वा ओसार पसार गर्न वा खनिज पद्धार्थको अन्वेषण वा उत्खनन, नियन्त्रण वा प्रतिबन्ध गर्ने,

(ण) खानेपानी आयोजनाका लागि खानेपानीको स्रोत वा मुहानबाट पानी लग्दा त्यस्तो खानेपानीको स्रोत वा मुहानको तल्लो तटमा बसोवास गर्ने समुदाय, गाई बस्तु, जीवजन्तु तथा जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन खानेपानीको स्रोत वा मुहानको प्रवाहको कम्तीमा दश प्रतिशत न्यूनतम वातावरणीय वहाव ( इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्ने,

(त) खानेपानीको स्रोत वा मुहानको कम्तिमा सात सय मिटर दुरी भित्र नाफामुलक व्यवसायिक रुपमा पशुपक्षी पालन प्रतिबन्ध गर्ने,

(थ) उपभोक्ता संस्थाको क्षमता अभिबृद्धि गर्न व्यवस्थापन, नेतृत्व विकास तथा लैङ्गिक समानता र सामाजिक

समावेशीकरण जस्ता विषयवस्तुमा तालिम, गोष्ठिको संचालन गर्ने गराउने, र उत्कृष्ट काम गर्ने उपभोक्ता संस्था तथा मर्मत सम्भार कार्यकर्तालाई प्रोत्साहन गर्न पुरस्कारको समेत व्यवस्था गर्ने,

(द) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउनका लागि गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक अन्य सहयोग उपलब्ध गराउने,

(ध) मानव मलमूत्रजन्य फोहरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक पर्ने यन्त्र, मेसिनरी औजार, ढुवानीको साधन, व्यवस्थापन स्थल तोक्ने र प्रबन्ध गर्ने गराउने, र

(न) उपभोक्ता संस्था, कार्य समिति लगायत खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा काम गर्ने संघ सस्था तथा निकायको कार्य वा कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा नियमन गर्ने ।

तिला गाउँपालिका

८. **<u>जलस्रोत तथा साधनको दिगो उपयोग गर्नु पर्ने</u>** : प्रत्येक व्यक्ति, संगठित संस्था वा गाउँपालिकाले जलस्रोत तथा साधनको दिगो उपयोग सुनिश्चित गर्न देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपूर्ती समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(ख) जलस्रोत तथा जलीय पारिस्थितीक प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता लगायत अन्य क्षमता अभिबृद्धी गर्ने,

(ग) जलस्रोत र पारिस्थितिकीय कार्य, सेवा तथा वस्तुहरुले दिगो रुपमा वातावरणीय स्रोत र पारिस्थितिकीय सेवा र वस्तुहरु प्रदान गर्न सक्ने क्षमता कायम हुने गरी दिगो उपयोग गर्ने, गराउने, र

(घ) जलस्रोत र जलीय जैविक विविधताको स्वास्थ्य र स्वस्थता कायम राख्न त्यस्ता स्रोतको धान्न सक्ने तथा पुर्ननवीकरण वा पूर्नउत्पादन हुन सक्ने क्षमता वा सिमा भित्र रही दिगो उपयोग गर्ने, गराउने ।

९. **<u>जलस्रोत संरक्षण योजना तर्जुमा गर्ने</u>** : (१) जलस्रोतको संरक्षण, दिगो उपयोग तथा स्वच्छ र स्वस्थ जल वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्धेश्यले गाउँपालिकाले जलस्रोत संरक्षण योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जलस्रोत संरक्षण योजनामा देहाय बमोजिमका विषयवस्तु समावेश गनु पर्नेछ :-

(क) गाउँपालिकाको जलस्रोतको स्थिति (State of Water Resources) र अवस्थाको लेखाजोखा गर्ने,

(ख) गाउँपालिकाको जलस्रोतको वर्तमान र भविष्यमा हुन सक्ने क्षति वा ह्रासको जोखिमको पहिचान तथा लेखाजोखा गर्ने,

(ग). जलस्रोतको प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली र यिनका अवयवहरु (कम्पोनेन्ट्स) तथा ती अवयवहरुको बिचको अर्न्तरक्रिया तथा अर्न्तसम्बन्धको संरक्षण तथा व्यवस्थापनका विभिन्न पक्ष वा आयाम,

(घ). स्वच्छ र स्वस्थ जलस्रोतको भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका

लागि अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका उपाय,

(ङ). निश्चित पर्यावरणीय कार्यहरु ( इस्पेसिफिक इकोलोजिकल फङसन) र अन्य पर्यावरणीय अवयवहरुको संरक्षण र सर्म्वद्धनका उपाय,

(च). भौतिक विकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा स्वच्छ र स्वस्थ जलीय वातावरण कायम गर्न आवश्यक दीर्घकालिन तथा अल्पकालिन आर्थिक, वातावरणीय, सामाजिक एवं समन्यायिक पक्षहरुको मूलप्रवाहीकरण,

(छ). वर्तमान पुस्ताले भावी सन्ततिको लाभका लागि जलस्रोत तथा जलीय वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनानु पर्ने उपाय,

(ज). सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलीय पारिस्थितिकीय प्रणालीको विविधतामा पुऱ्याउन सक्ने सम्भावित उल्लेखनीय क्षतिको

रोकथाम तथा न्यूनिकरणका पक्ष,

(झ) जलीय तथा जलाधारको प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयाम,

(ञ). जलस्रोत तथा जलीय पारिस्थितिकीय प्रणालीको संरक्षण, सम्वर्द्धन, दिगो उपयोग र जलस्रोत तथा जलीय पारिस्थितिकीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास,

(ट) गाउँपालिकाको जलस्रोतको स्थिति र अवस्थाको समय समयमा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था, र

(ठ) जलस्रोत संरक्षण योजनामा समावेश गर्नु पर्ने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।.

**१०. <u>जलस्रोत व्यवस्थापन समिति गठन गर्न सक्ने</u>** : (१) गाउँपालिकामा देहायबमोजिमको एक जलस्रोत व्यवस्थापन समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष –अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष –सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष –सदस्य

(घ) सामाजिक विकास शाखाका संयोजक –सदस्य

(ङ) डिभिजन वन कार्यालयका प्रतिनिधि –सदस्य

(च) स्वास्थ्य शाखाको प्रतिनिधि – सदस्य

(छ) गाउँपालिकाको पुर्वाधार शाखा प्रमुख वा इन्जिनियर – सदस्य

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाई वा शाखाको प्रमुख वा सम्पर्क व्यक्ति – सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) गाउँपालिकामा रहेका जलस्रोतहरुको पहिचान गरी त्यसको संरक्षण र उपयोग सम्बन्धी नीति योजना बनाउने ।

(ख) जलस्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति तथा योजना कार्यान्वयनका लागि आवश्यक

बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ग) जलस्रोतको उपयोग तथा दर्ता सम्बन्धी अनुमतिका लागि कार्यपालिकालाई सिफारिस गर्ने

(घ) जलस्रोत सम्बन्धी विवाद समाधानका लागि सहजीकरण गर्ने ।

(ङ) जलस्रोतसँग सम्बन्धित सरोकारवालाहरुसँग सम्पर्क समन्वय र सहकार्य गर्ने

(च) जलस्रोतको संरक्षण तथा उपयोग सम्बन्धी समुदाय स्तरमा सचेतना कार्यक्रम संचालनको संयोजन गर्ने ।

(छ) अन्य तोकिएका बमोजिमको कार्य गर्ने ।

(३) जलस्रोत व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) सदस्य-सचिवले जलस्रोत व्यवस्थापन समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया बहत्तर घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) जलस्रोत समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा

जलस्रोत व्यवस्थापन समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) जलस्रोत समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले अध्यक्षता गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबै जना अनुपस्थित भएमा समितिको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(७) जलस्रोत व्यवस्थापन समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(८) जलस्रोत व्यवस्थापन समितिको निर्णयको अभिलेख समितिको सदस्य सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ ।

(९) जलस्रोत समितिको वैठक सम्बन्धि अन्य कार्यविधी समितिले तोके बमोजिम हुनेछ ।

११. **<u>पानीको स्रोत वा खानेपानीको स्रोत दर्ता गर्नु पर्ने</u> :** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने व्यक्ति, समुह वा उपभोक्ता संस्थाले गाउँपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नका लागि अनुसुची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएतापनि विगतदेखि नै सामुदायिक रुपमा प्रयोग भएको निजी मुल वा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र बहुउपयोगी प्रणाली सञ्चालन गर्नका लागि निजी जग्गामा रहेको मुलको प्रयोग गर्नु पर्ने अवस्थामा त्यस्तो जग्गाको जग्गाधनीले नदिएमा वा जलस्रोत व्यवस्थापन समितिले सामुदायिक हित र सामुहिक लाभका लागि आवश्यक ठानेको निजी जग्गामा रहेको मुल जलस्रोत व्यवस्थापन समितिले निर्णय गरी सार्वजनिक प्रयोगको लागि व्यवस्था गरिदिनु पर्नेछ।

(४) संघिय वा प्रदेश कानून बमोजिम स्वीकृति लिएर गाउँपालिका भित्र संचालन हुने पानीमा आधारित व्यवसाय तथा उपभोक्ता संस्थाले समेत पानीमा आधारित व्यवसाय संचालन गर्नु अघि गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(५) कुनै पनि स्थानमा डिप बोरिङ्ग गरी पानीको व्यवस्थापन गर्नुपर्दा भूगर्वविद्का अध्ययन प्रतिवेदनका आधारमा पानीको स्रोत एकिन गरेर मात्र अनुमती दिनु पर्नेछ, साथै सो कार्य प्रारम्भ गर्नु अघि जलस्रोत समितिको सिफारिस लिएर मात्र काम गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम परेको दरखास्त उपर जलस्रोत व्यवस्थापन समितिले आवश्यक जांचबुझ तथा छानबिन गरी सो पानी वा खानेपानीको स्रोत, मूल वा मुहान, खानेपानी, सिचाई वा अन्य प्रयोजनका लागि निवेदक व्यक्ति, समुह वा उपभोक्ता संस्थाका नाममा दर्ता गर्न उपयुक्त देखिएमा गाउँपालिकामा दर्ता गरी कार्यपालिका वा जलस्रोत व्यवस्थापन समितिले

तोकिदिएको शर्तहरु पालना गर्ने कबूलियतनामा गराई अनुसूची- २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

१२. **खानेपानी तथा सरसफाइ प्रणाली** : (१) गाउँपालिकाले उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत वा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष मानव संशाधनको आवश्यकता पर्ने भई गाउँपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न वा विकास साझेदारको सहयोग लिन सक्नेछ ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नु पर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका, सहलगानीका वा बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिस्पर्धाका आधारमा निर्माण व्यावसायी छनौट गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग लिइ खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्दा वा उपदफा (३) बमोजिम खानेपानी तथा सरसफाइ आयोजनाको वा भौतिक संरचनाको निर्माण प्रतिस्पर्धाका आधारमा निर्माण

व्यावसायी छनौट गरी आयोजनाको निर्माण वा संरचना बनाउँदा, वा गाउँपालिको क्षेत्र भित्र नेपाल सरकार, प्रदेश सरकार वा विकास साझेदारले निर्माण व्यावसायी मार्फत आयोजनाको निर्माण वा संरचना निर्माण गर्दा त्यस्तो निर्माण व्यवसायीलाई आयोजनाको भुक्तानी दिदा सम्बन्धित उपभोक्ता संस्था र वडा कार्यालयको सिफारिस बमोजिम मात्र भुक्तानी दिनु पर्नेछ ।

(५) गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकार वा संघ संस्थासँग समेत समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(६) सौर्य उर्जा वा जल बिद्युतबाट सञ्चालन हुने लिफ्ट आयोजनाहरुको मर्मत सम्भारमा बढि खर्च लाग्ने हुदा गाउँपालिकाले अन्य आयोजनाको तुलनामा यस्ता आयोजनालाई प्राथमिकतामा राखी बिद्युतको शुल्कमा केहि छुट वा अनुदान दिन सक्नेछ ।

(७) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(८) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधिका लागि उपभोक्तालाई ट्याङ्कर वा

अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तासँग कुनै थप शुल्क नलिई उपलव्ध गराउनु पर्नेछ ।

(९) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासो सुनुवाई संयन्त्र जस्ता आधारभूत जानकारीहरु बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नु पर्नेछ ।

१३. **खानेपानी आयोजना र संरचनाको हस्तान्तरण** : (१) गाउँपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरु उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद- ३

## समुदायमा आधारित खानेपानी, सरसफाइ र स्वच्छता सेवा सम्बन्धी यवस्था

१४. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन** : (१) गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ताहरुको भेलाबाट उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(३) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति प्रचलित सङ्घीय र प्रदेश कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिम वा प्रकृतिका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरुले यो ऐन लागु भएपश्चात् गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु वा हुनु पर्नेछ । यस अद्यावधिक भएका उपभोक्ता संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर

यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी भित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा गाउँपालिकामा हस्तान्तरण गर्नु पर्नेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्रमा गाउँपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध गर्नेछ ।

(६) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपभोक्ता संस्थाले प्रत्येक दुई वर्षमा गाउँपालिकामा गाउँपालिकाले तोकेको दस्तुर बुझाई आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्रमा दर्ता नविकरण गर्नु पर्नेछ ।

१५. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन र दर्ता प्रकृया :** (१) उपभोक्ताहरू वा समुदायका सदस्यहरुले गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, तथा बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न गाउँ कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस तथा कम्तिमा नब्बे प्रतिशत उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णय सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता गर्नका लागि लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गर्दा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा गठन गर्नु पर्नेछ । यसरी उपभोक्ता संस्था गठन गर्दा स साना एक भन्दा बढि आयोजनाहरुको व्यवस्थापनका लागि एउटै उपभोक्ता संस्थापनि गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गर्नका लागि निवेदन दिंदा खानेपानीको स्रोत वा मुहानको समेत दर्ता गर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्ने र उपभोक्ता संस्था दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको नाममा निवेदनमा उल्लेख भए वमोजिमको खानेपानीका स्रोत वा मुहान त्यस अघि कुनै उपभोक्ता संस्था वा संगठित संस्थाको नाममा दर्ता भएको छैन भने गाउँ कार्यपालिकाको कार्यालयले वडा समितिको सिफारिस र उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णयमा उल्लेख भए बमोजिमको खानेपानीको स्रोत वा मुहान निवेदक उपभोक्ता संस्थाको नाममा दर्ता गरी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खानेपानीको स्रोत वा मुहानको दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको नाममा निवेदनमा उल्लेख भए वमोजिमको खानेपानीका स्रोत वा मुहान अन्य कुनै उपभोक्ता संस्था वा संगठित संस्थाको नाममा दर्ता भए नभएको आवश्यक जाँचबुझ गरी मुहान दर्ताका लागि समेत सम्बन्धित वडा कार्यालयले सिफारिस गर्नु पर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता संस्था गठन गर्नका लागि यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई उपभोक्ता संस्था गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । उपभोक्ता संस्थाहरुको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १६ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गरिने क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक उपभोक्ता संस्था गठन गरी उपभोक्ता संस्थाको विधान सहित अनुसूची-३ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा उपभोक्ता संस्थाको दर्ता गराउन उपभोक्ताहरुको भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक ब्यक्तिको सहिछाप र वडा समितिको सिफारिस सहित दरखास्त दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको दरखास्त दिने उपभोक्ता संस्था त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उपभोक्ता संस्थालाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कबूलियतनामा गराई अनुसूची- ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(९) उपदफा (१) देखि उपदफा (८) सम्म उल्लेख भएको कुनै एक वा सो भन्दा बढी प्रक्रिया वा कुनै सिफारिस, भेलाको उपस्थिति तथा निर्णय वा अन्य लिखत पेश नभई वा प्रक्रिया पुरा नभई उपभोक्ता संस्था दर्ता हुन नसकेमा प्रमुख प्रशासकीय अधिकृतले कारण खुलाई १५ दिन भित्र सो को सूचना सम्बन्धित निवेदकहरुलाई दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको सूचनामा उल्लेख भएको प्रक्रिया वा कुनै सिफारिस, भेलाको उपस्थिति तथा निर्णय वा अन्य लिखत सम्बन्धित निवेदकले पेश गरेपछि कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उपभोक्ता संस्थालाई दर्ता गरी उपदफा (८) बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

१६. **उपभोक्ता संस्थाको विधान :** (१) उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका विषयवस्तु र व्यवस्थाहरु समावेश गर्नु पर्नेछ :-

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, उद्देश्य, कार्यहरु, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता संस्थाले सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा कुनै पनि प्रकारको भेदभाव रहित तवरले उपलब्ध गराउन अपनाउने उद्देश्य र सञ्चालन गर्ने कार्यहरु सम्बन्धी व्यवस्था,

(ग) खानेपानीको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ति समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा,

(घ) खानेपानीको स्रोतको संरक्षण र दिगो उपयोग, प्रदुषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा मुहानको जलग्रहण (क्याचमेन्ट) क्षेत्रको संरक्षण, सुधार र सुरक्षा सम्बन्धी व्यवस्था,

(ङ) खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गतामैत्री, लैङ्गिक संवेदनशिलका साथै उपभोगकर्तामैत्री संरचना निर्माण गर्ने तथा वालवालिका र अपाङ्गतामैत्रीका साथै समग्र उपभोगकर्तामैत्री तवरले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा र सुबिधा प्रदान गर्ने सम्बन्धी व्यवस्था,

(च) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन र खेर गएको पानीको वा अन्य पानीको बहु उपयोग सम्बन्धी व्यवस्था,

(छ) प्रस्तावित उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालवालिका, एकल पुरुष, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्बन्धी प्रावधान, र जातिय छुवाछुत वा महिनावारी सम्बन्धि छुवाछुत गरि पानीको समन्यायिक पहुँचमा बिभेद भएमा दण्ड/जरिवानाको प्राबधान,

(ज) एकल महिला, अपाङ्गता भएका व्यक्ति, एकल पुरुष, दलित, आदिवासी जनजाति र विपन्न घरधुरीका सदस्यलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(झ) उपभोक्ता संस्थाको सदस्यता, सदस्यता प्राप्ति तथा समाप्ती सम्बन्धी व्यवस्था, सदस्यता शुल्क, सदस्यता शुल्क छुट सम्बन्धी व्यवस्था,

(ञ) उपभोक्ता संस्थाको सदस्यता प्रदान गर्दा एकल महिला, अपाङ्गता भएका व्यक्ति, एकल पुरुष, दलित, सिमान्तकृत तथा बिपन्न घरधुरि तथा युवालाई

तिला गाउँपालिका

प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(ट) वार्षिक साधारणसभा, विशेष साधारणसभा तथा साधारणसभाका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ठ) कार्य समितिको गठन, कार्य समितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी तथा युवाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ड) कार्य समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य तथा अधिकार, कार्य समितिको बैठक र कार्यविधि, कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(ढ) अविश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था,

(ण) खानेपानीको पाईप जडान, महशुल तथा सेवा शुल्क, विलम्व महशुल निर्धारण र संकलन सम्बन्धी व्यवस्था,

तिला गाँउपालिका

(त) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण, र सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण सम्बन्धि व्यवस्था,

(थ) हेराल र ग्रामिण मर्मत सम्भार कार्यकर्ता तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्था,

(द) खानेपानीको आयोजना संचालन तथा मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था,

(ध) पानी सुरक्षा समिति, अनुगमन समिति, निर्माण समिति, लगायत आवश्यक अन्य समिति वा उपसमिति गठन तथा विघटन सम्बन्धी व्यवस्था,

(न) निर्वाचन सम्बन्धी व्यवस्था,

(प) विधान विपरित काम गर्ने उपभोक्ता संस्थाका सदस्यहरुलाई गरिने जरिवाना तथा क्षतिपुर्ति र उपभोक्ता संस्थाका सदस्यलाई दण्ड जरिवाना गर्दा पालना गर्नु पर्ने कार्यविधि,

तिला गाँउपालिका

(फ) विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने जस्ता विविध व्यवस्था, र

(ब) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

(२) उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

१७. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था संगठित संस्था हुने** : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

१८. **लैङ्गिक समानता, सामाजिक समावेशीता तथा समन्याय कायम गर्ने** : (१) उपभोक्ता संस्थाको कार्य समितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्दछ । त्यसैगरि कम्तीमा एक महिला र बहिष्कृत समूहहरूबाट एक व्यक्ति (पुरुष वा महिला) उपभोक्ता समितिको प्रमुख

पदमा अनिवार्य प्रतिनिधित्व गराउनू पर्ने छ । लैङ्गिंक समानता तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा महिला, अपागंता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, दलित, आदिवासी जनजाति र अल्पसंख्यकसमुदायबाट पनि प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) कार्य समितिको मुख्य पदहरु अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिव पद मध्ये कुनै दुई पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) को व्यवस्थाले महिला को मात्र पदाधिकारी तथा सदस्य भएको कार्य समिति बनाउनमा वा गठन गर्नमा रोक लगाएको मानिने छैन । तर दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न महिलाहरुको सहभागीता समावेशी रुपमा गराउनु पर्नेछ ।

(४) उपभोक्ता संस्थाले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि उपभोक्ता संस्थाका महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति**,** तथा विपन्न सदस्यलाई खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको व्यवस्थापन र सञ्चालनमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनु पर्नेछ ।

**स्पष्टीकरण** : उपदफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण" भन्नाले उपभोक्ता संस्थाका सदस्यहरु मध्ये महिला, एकल महिला, एकल पुरुष, दलित, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न सदस्यलाई धारा जडान

गर्दा शुल्क पुर्ण वा आंशिक मिनाहा गर्ने, महसुल पुर्ण वा आंशिक मिनाहा गर्ने वा नगद वा श्रम योगदान गर्न पर्दा पनि आंशिक मिनाहा दिने जस्ता उपाय सम्झनु पर्छ।

१९. **उपभोक्ता संस्थाको कार्य समितिको गठन** : (१) उपभोक्ता संस्थाको कार्य समिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनेछ र कार्य समिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जात जातिको प्रतिनिधित्व र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका साथै उपभोक्ता संस्थाको सेवा क्षेत्र भित्रका विभिन्न भौगोलिक क्षेत्रहरु र जनघनत्वको प्रतिनिधित्वलाई समेत ध्यान दिनु पर्नेछ।

(२) उपभोक्ता संस्थाको कार्य समितिको कार्यकाल अधिकतम् तीन वर्षको हुनेछ।

(३) कार्य समितिका पदाधिकारी तथा सदस्य दुइ कार्यकाल पछि निरन्तर एकै पदमा बहाल रहन पाउने छैन्न।

(४) उपभोक्ता संस्थाको कार्य समितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारणसभाले मात्र गर्न सक्नेछ।

(५) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारणसभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ ।

२०. **उपभोक्ता संस्थाको कोष** : (१) उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्क बाट प्राप्त रकम,

(ख) खानेपानी लाइन जडान शुल्क, खानेपानी तथा सरसफाइ सेवा महशुल तथा शुल्क,

(ग) पर्यापर्यटन कार्यक्रम वा पारिस्थितिकीय सेवा वापतको भुत्तानी सम्बन्धि अवधारणा र स्किमको कार्यान्वयन तथा संचालनबाट प्राप्त रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै नेपाली नागरिक, ब्यक्ति वा संघ संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(च) कुनै विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(छ) यस ऐनको उल्लघंन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको ६० प्रतिशतका दरले प्राप्त रकम,

(ज) उपभोक्ता संस्थाले यस ऐन वा विधान अर्न्तगत गरेको जरिवानाबाट प्राप्त रकम,

(झ) सामुदायिक वन वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता संस्थाको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(४) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी, सरसफाइ तथा आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

२१. **उपभोक्ता संस्थाको आयोजना संचालन तथा मर्मत सम्भार कोष रहने :** (१) उपभोक्ता संस्थाको एक आयोजना संचालन तथा मर्मत सम्भार कोष रहने छ । जसमा देहायको रकम जम्मा गरिनेछ ।

(क) गाउँपालिकाले खानेपानी आयोजनाको निर्माणको बजेटको एक देखि पाँच प्रतिशत जम्मा गरेको रकम,

(ख) नयाँ धारा जडान गर्दा लाग्ने शुल्कको पाँच प्रतिशत रकम,

(ग) उपभोक्ता सदस्यता शुल्क,

(घ) खानेपानी तथा सरसफाइ सेवा शुल्कबाट उठेको रकम मध्ये पाँच प्रतिशत रकम र

(ङ) गाउँपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम ।

तिला गाउँपालिका

(२) उपदफा (१) बमोजिमको उपभोक्ता संस्थाको मर्मत सम्भार कोषमा सुरुमै धारा जडान गर्नु पुर्व प्रत्येक घरधुरीले कम्तीमा तिन हजार रुपैयाँ जम्मा गर्नु पर्नेछ ।

(३) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) उपदफा (२) मा जे सुकै भएता पनि आर्थिक रुपले बिपन्न घरपरिवारलाई उपभोक्ता संस्थाले न्यूनतम् ३० प्रतिसत सहुलियत वा सो भन्दा बढी सहुलियत दिन सक्नेछ ।

२२. **उपभोक्ता संस्थाको कोषको संचालन :** (१) उपभोक्ता संस्थाको कोषमा जम्मा भएको रकम गाउँपालिकाभित्र अवस्थित बैंकमा उपभोक्ता संस्थाको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाता कोषाध्यक्ष र अध्यक्ष तथा सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपभोक्ता संस्थाको कोषको व्यवस्थापन, खाता संचालन तथा संस्थागत विकासका लागि गाउँपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(३) साधारणसभाले प्रत्येक वर्ष लेखापरीक्षक तोक्दा गाउँपालिकामा सुचिकृत लेखापरीक्षक मध्येबाट तोक्नु पर्नेछ र त्यसरी लेखापरीक्षक तोक्दा कुनै लेखापरीक्षण कम्पनीलाई लगातार दुई आर्थिक वर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(४) उपदफा (३) बमोजिमको लेखापरीक्षण उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ महिना

भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(५) प्रमूख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता संस्थाले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनु पर्ने :** (१) उपभोक्ता संस्थाको सदस्यता शूल्क निर्धारण गर्दा उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम मात्र तोक्नु पर्नेछ ।

२४. **मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्ने** : (१) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको नियमित संचालन तथा मर्मत सम्भार प्रयोजनका लागि आयोजनामा कम्तिमा एकजना तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ता नियुक्ति गरी मासिक पारिश्रमिक तोकि काममा लगाउनु पर्नेछ । महिला तथा पछाडी पारिएका वर्गको व्यक्तिलाई मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्दा विशेष प्राथमिकता दिइनेछ । उपभोक्ता समितिले मर्मत सम्भार कार्यकर्तालाई नियुक्ती पत्र तथा कामको विवरण समेत उपलब्ध गराइ काममा लगाउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले उपदफा (१) बमोजिमको एक भन्दा बढी तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ता नियुक्त गर्दा दलित वा विपन्न घरधुरीका महिलालाई समेत मर्मत सम्भार कार्यकर्ता नियुक्त गरि मासिक पारिश्रमिक तोकि काममा लगाउनु पर्नेछ ।

२५. **विधानमा संशोधन** : (१) उपभोक्ता संस्थाको विधानको संशोधन गर्नु पर्ने भएमा उपभोक्ता संस्थाले संशोधन सम्बन्धि प्रस्ताव उपभोक्ता संस्थाको साधारणसभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित भए पछि सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाले विधानमा गरेको संशोधनले उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको सञ्चालन र व्यवस्थापन, खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, र सिमसार, वा जलस्रोत तथा जलीय पारिस्थितिकीय प्रणालीमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता संस्थालाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

२६. **उपभोक्ता संस्था खारेज गर्न सकिने** : (१) देहायको अवस्थामा उपभोक्ता संस्थालाई खारेजी र खानेपानी सेवाको व्यवस्थापकीय जिम्मेवारी फिर्ता लिन सकिनेछ :

(क) उपभोक्ता संस्थाको कार्य समितिले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ख) जलस्रोतको गुणस्तर कायम राख्न नसकेमा,

(ग) खानेपानीका मुहान तथा स्रोत संरक्षण नगरेमा,

(घ) खानेपानीका मुहान तथा स्रोतमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा

(ङ) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा

(२) उपदफा (१) बमोजिमको निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता संस्थाले पेश गरेको सफाई सन्तोषजनक पाइएमा उपदफा (१) बमोजिमको निर्णय गरिने छैन ।

(४) उपभोक्ता संस्थाको कार्य समितिका पदाधिकारी वा सदस्यहरुले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमायली वा उपभोक्ता संस्थाको विधान विपरीत कुनै काम कारबाही गरेको प्रमाणित भएमा त्यस्ता पदाधिकारी र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा पच्चिस प्रतिशत थप जरिवाना हुनेछ ।

२७. **दर्ता खारेज नगर्न खानेपानी आयोजना पूनः सुम्पन सकिने** : (१) दफा २६ बमोजिमको उपभोक्ता संस्थाको दर्ता खारेजी र खानेपानी आयोजनाको व्यवस्थापकीय जिम्मेवारी फिर्ता लिएको निर्णय उपर पुनरावेदन परि गाउँपालिकाले गरेको निर्णय बदर भएमा उपभोक्ता संस्थाको दर्ता खारेजी प्रकृया तत्काल रोकी साविककै

उपभोक्ता संस्थालाई खानेपानी आयोजना र संरचना वा खानेपानी सेवा पुनः सुम्पनु पर्नेछ ।

२८. **विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना** : (१) खानेपानी आयोजना र संरचना वा खानेपानी सेवामा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता संस्थाले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्थाको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त उपभोक्ता संस्थाको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

## परिच्छेद- ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२९. **अनुमतिपत्र लिनु पर्ने :** (१) गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा गाउँ कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी,

सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

३०. **अनुमतिपत्र दिनु पर्ने** : (१) दफा २७ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक कम्पनी, उद्योग वा संस्थालाई मनासिव शुल्क लिई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा ट्याङ्कर वा बोतलबन्दी जस्ता

नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी उपलव्ध गराउन वा कम्पनी, उद्योग, कलकारखाना संचालन गर्न अनुमतिपत्र दिंदा अनुमति दस्तुर लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा गाउँपालिकाले बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सक्नेछ र सो अवधी पश्चात् गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि समाप्त हुने वर्ष अनुमतिपत्र प्राप्त संस्थाले उक्त खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था नभएको अवस्थामा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

३१. **अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार गाउँपालिकाले अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

३२. **अनुमतिपत्र खारेज :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, उद्योग वा संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि

गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद- ५

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र शुल्क सम्बन्धी व्यवस्था

३३. **खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन** : (१) गाउँपालिकाले सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउन उपभोक्ता संस्था, सरोकारवाला निकाय र संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना वा जलउपयोग गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले तर्जुमा गरेको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजना र जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नु पर्नेछ ।

(३) खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्नु पर्नेछ ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनामा विशेष व्यवस्था गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम गाउँपालिकाले तर्जुमा तथा कार्यान्वयन गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजनाको सम्बन्धित ब्यवस्था तथा क्रियाकलाप उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आ-आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नु पर्नेछ ।

३४. **<u>खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउनु पर्ने :</u>** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ।

(५) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नु पर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपुर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ।

**३५. धारा तथा मिटर जडान :** (१) खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै पहुँचयुक्त धारा तथा मिटर जडान गरीदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य

उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

३६. **ढल निकास सेवा सञ्चालन** : (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा वा अन्य क्रियाकलापबाट निष्किएको फोहर पानीको व्यवस्थापनका लागि गाउँपालिका वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट गाउँपालिका वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

३७. **सेवा बन्द गर्न सक्ने** : (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

३८. **निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून

बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

३९. <u>**घर जग्गामा प्रवेश गर्न सक्ने**</u> : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा

सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घर जग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न व्यक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा गाउँपालिकाले अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

४०. **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा** : (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

४१. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण** : (१) उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि महशुल समायोजन गर्न आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु उपभोक्ता संस्थाको कर्तब्य हुनेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **महसुल तथा शुल्क लिन सक्ने :** (१)उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारणसभाले निर्धारण गरे बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नु पर्ने शर्तको उलंघन गर्ने उपभोक्ताको सेवा सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले पूर्व सूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पून: सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल निकास वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

४३. **मिनाहा वा छुट दिन सक्ने** : (१) प्रकोप वा अन्य कुनै विषम परिस्थितीका कारण कुनै खास क्षेत्र लगायत डुबान क्षेत्रका उपभोक्ता, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले घटाउन वा मिनाहा दिन सक्नेछ ।

४४. **असुल उपर गर्न सक्ने** : (१) यस ऐन बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई गाउँपालिकाले त्यस्तो रकम असुल उपर गर्न आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद- ६

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

४५. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) दफा ४६ बमोजिममको गुणस्तर मापदण्डको पालना गर्न सम्बन्धित आपुर्तिकर्ताका कर्तव्य हुनेछ ।

४६. **गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा उल्लेखित प्रावधानहरुको पालना गर्नुपर्ने र गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

४७. **नदी तथा ताल, तलैयाको जल गुणस्तर मापदण्ड :** (१) सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र वस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, खोला, गाड,

ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

४८. **फोहरपानीको व्यवस्थापन** : (१) गाउँपालिकाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र रहितको फोहरपानी र फोहरपानीसँग मिसिएर आउने वर्षात वा आकाशे पानीको व्यवस्थापन गर्न समय सापेक्ष योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको फोहोरपानीको व्यवस्थापन गर्न तर्जुमा तथा कार्यान्वयन गर्ने योजना सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४९. **फोहोरपानी प्रशोधन गर्नु पर्नेः** (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहितको फोहोरपानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) उद्योग, कलकारखाना वा अन्य संगठित संस्थाले आफुबाट उत्सर्जित वा आफुले उत्सर्जन गरेको फोहोरपानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु

पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहरपानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

५०. **अनुगमन तथा नियमन** : (१) गाउँपालिकाले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर र सरसफाइ तथा स्वच्छता सेवाको स्तरका सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत, खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहरपानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

५१. **क्षतिपूर्ति भराई दिन सक्ने** : (१) अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्न गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(२) कसैले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

## परिच्छेद- ७

## खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्बन्धी व्यवस्था

५२. **कोषको स्थापना र सञ्चालन** : (१) खानेपानी तथा सरसफाइ सम्बन्धि मौलिक हकको कार्यान्वयन, जलाधारको व्यवस्थापन, दिसाजन्य लेदोको व्यवस्थापन, जल प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन अनुकुलन र पारिस्थितिकीय सेवाको व्यवस्थापनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) जलस्रोतको संरक्षण शुल्कबाट प्राप्त रकम,

(ङ) फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट प्राप्त सेवा शुल्क,

**(च)** पारिस्थितिकीय सेवा वापतको भुक्तानी सम्बन्धि कार्यक्रम वा परियोजनाको संचालनबाट प्राप्त रकम,

(छ) यस ऐनको उल्लघंन भएको अवस्थामा गाउँपालिकाकाले गरेको जरिवानाबाट उठेको रकमको ६० प्रतिशतका दरले प्राप्त रकम, र

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

तिला गाउँपालिका

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५३. **खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समितिको गठन** : (१) कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समितिको अध्यक्ष वा संयोजक -सदस्य

(घ) वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले समावेशी रुपमा तोकेको दुईजना वडा अध्यक्ष- सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाका दुईजना महिला सदस्य - सदस्य

(च) खानेपानी, सरसफाइ तथा स्वच्छता र जलस्रोत व्यवस्थापनको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र काम गर्ने

संस्थाका प्रतिनिधिहरुमध्ये र एक जना दलित प्रतिनिधिबाट तिला गाउँ कार्यपालिकाले मनोनित गरेको तिन जना - सदस्य

(छ) जलस्रोत, विज्ञान वा वातावरण व्यवस्थापनका शिक्षकहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना महिला सहित दुइजना- सदस्य

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता, जलस्रोत, वातावरण र जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका अपांगता भएका बक्तिहरुको संस्थाका प्रतिनिधिहरुमध्ये सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनित दुई जना- सदस्य

(झ) प्रमुख, शिक्षा शाखा -सदस्य

(ञ) प्रमुख, आर्थिक प्रसाशन शाखा -सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ठ) प्रमुख, स्वास्थ्य शाखा -सदस्य

(ड) प्रमुख, खानेपानी, सरसफाइ र स्वच्छता शाखा -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनयन हुने सदस्यको संस्थाले नीज सञ्चालक समितिमा सदस्य रहँदासम्म प्रस्ताव पेस गर्न वा कुनै किसिमबाट कोषबाट अनुदान सहयोग लिन पाउने छैन ।

(४) उपनियम (१) को खण्ड (च), (छ), र (ज) बमोजिम मनोनयन भएको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले कार्यसम्पादन सन्तोषजनक नभएकाले पदबाट हटाइएको सदस्यको हकमा अर्को सदस्यलाई मनोनित गर्दा जुन क्षेत्रको सदस्यलाई हटाईएको छ, सोहि क्षेत्रको सदस्य मनोनित गर्नु पर्ने छ । यसरी मनोनित सदस्यको कार्यकाल पदबाट हटाईएको सदस्यको बाँकी रहेको कार्यकालको लागि मात्र हुनेछ ।

(६) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **कोषको सञ्चालक समितिको बैठक** : (१) यस ऐन बमोजिम गर्नु पर्ने काम कोषको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हुनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य-सचिवले कोषको सञ्चालक समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(४) कुनै सदस्यले उपनियम (३) बमोजिम बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त हुनासाथ सदस्य-सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय कोषको सञ्चालक समितिको बैठकको कार्यसुचीमा परेको मानिनेछ।

(५) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा कोषको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले अध्यक्षता गर्नेछ। अध्यक्ष र उपाध्यक्ष दुबै जना अनुपस्थित भएमा समितिको ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(७) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(८) कोषको निर्णयको अभिलेख कोषको सदस्य सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ।

**५५. सचिवालय र प्रशासनिक खर्चसम्बन्धी व्यवस्था:** (१) कोषको सञ्चालक समितिको सचिवालयको काम गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(२) कोषको सञ्चालक समितिको सचिवालयको प्रशासनिक खर्चको लागि आवश्यक पर्ने रकम गाउँ कार्यपालिकाको कार्यालयको बजेटबाट व्यवस्था गरिनेछ ।

**५६. कोषको सञ्चालन:** (१) कोषलाई अक्षय कोष तथा चक्रीय आवर्ति (रिभल्विङ्ग) कोषको रूपमा सञ्चालन गर्नु पर्नेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) सञ्चालक समितिले कोषको जम्मा रकमको चालिस प्रतिशत रकम अक्षय कोषका रूपमा कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अक्षय कोषमा सञ्चालक समितिले जम्मा गरेको ४० प्रतिशत रकमको व्याँजको बीस प्रतिशत प्रत्येक वर्ष अक्षय कोषमा जम्मा गर्नु पर्नेछ र बाँकी रहेको असी प्रतिशत मात्र दफा ५५ मा उल्लेख भए भए बमोजिमका क्षेत्र, विषयवस्तु तथा कार्यक्रममा मात्र उपयोग र खर्च गर्न सकिनेछ ।

(५) उपदफा (२) र (३) बमोजिमको खाताको सञ्चालन सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५७. कोषको उपयोग** : (१) कोषमा जम्मा भएको रकम जल, वातावरणको संरक्षण, स्वच्छ र स्वस्थ जलीय वातावरण कायम, जलीय पारिस्थितिकीय प्रणालीको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलाधार वा

उपजलाधारको व्यवस्थापन, खानेपानीको स्रोत तथा मुहानको संरक्षण र पारिस्थितिकीय सेवा वापतको भुक्तानीसँग सम्बन्धित विषयमा र देहायका काम वा कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भूमिका खेल्न सक्ने उपभोक्ता संस्थालाई अनुदान प्रदान गर्न वा अन्य संस्थालाई प्रतिस्पर्धात्मक प्रस्तावको आव्हान तथा स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन संचालक समितिले निर्णय गरे बमोजिम उपयोग र खर्च गरिनेछ

(२) उपदफा (१) मा उल्लेख भएका क्षेत्रहरुका साथै देहाय बमोजिमको विषयवस्तु तथा कार्यक्रम उपयोग र खर्च गरिनेछ :-

(क) जलस्रोतको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ति समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने वा गराउने,

(ख) स्वच्छ र स्वस्थ जलस्रोतको भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(ग) जलस्रोत तथा जलीय पारिस्थितिकीय प्रणालीहरुको

जिव धान्ने (life supporting) क्षमता अभिबृद्धि गर्ने वा गराउने,

(घ) स्वच्छ र स्वस्थ जलस्रोत तथा जलीय वातावरण कायम गर्न, खानेपानीको स्रोत, मूल वा मुहान, ताल तलाउ तथा पोखरी, जलाशय, नाउला, कुण्ड वा कुवा र सिमसारको संरक्षण तथा प्रवर्द्धन, जलाधार वा उपजलाधार व्यवस्थापन, प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नियमित कार्यक्रममा नपरेको योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) जलस्रोत तथा जलीय पारिस्थिकीय प्रणालीको संरक्षण, संम्वर्द्धन, दीगो उपयोग र जलस्रोत तथा जलीय पारिस्थितिकीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास संम्वर्द्धन गर्ने वा गराउने,

(च) वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि जलस्रोत तथा जलीय



तिला गाउँपालिका

वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय,

(छ). सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले जलस्रोत तथा जलीय पारिस्थितिकीय प्रणालीको विविधतामा पुऱ्याउन सक्ने सम्भावित उल्लेखनिय क्षतिको रोकथाम तथा न्यूनिकरणका पक्ष,

(ज) स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला लगायत हानीकारक फोहोरमैला व्यवस्थापन,

(झ) मानवीय वा भौतिक संरचनाको निर्माण तथा प्राकृतिक कारणबाट खानेपानीको स्रोतमा परेको वा पर्न सक्ने सम्भावित जोखिम व्यावस्थापन,

(ञ). जल प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयामसँग सम्बन्धित कार्यक्रम,

.(ट). उपभोक्ता संस्थालाई आपतकालीन तथा ठूलो

मर्मतको आवश्यकता परेमा सोको अध्ययन गरी मर्मत सम्भारका लागि आर्थिक सहयोग गर्ने र विपद्को बेला मर्मतका लागि तथा विपद् पछिको पुनर्निर्माणका लागि आर्थिक सहयोग प्रदान गर्ने,

(ठ). खानेपानीको स्रोत, र जलाधार वा उपजलाधारमा जलवायु परिवर्तनका असरहरुको सम्बोधन गर्न जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,गराउने, र

(ड). कोषको रकम खर्च गरिने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले उपयोग गर्दा उपदफा (१) मा उल्लेख भए बमोजिम उपभोक्ता संस्थालाई अनुदान प्रदान गर्न वा प्रस्तावको आव्हान गरी स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई मात्र संचालक समितिले प्रतिस्पर्धाका आधारमा मात्र आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-८

## फोहरमैला व्यवस्थापन

५८. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व :**(१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

५९. **फोहरमैलाको उत्पादन कम गर्ने** : (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैलाको पुनः प्रयोग, पुनः चक्रीय प्रयोग, स्रोतदेखि नै फोहरमैलाको परिमाणलाई घटाउने र फोहरमैलाको कम्पोष्ट मल बनाउने जस्ता उपाय अवलम्बन गरी फोहरमैला यथाशक्य कम उत्पन्न गर्नु पर्नेछ ।

(२) आफ्नो निजी घर कम्पाउण्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड,वा परिसर भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र

निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

६०. **फोहरमैलाको पृथकीकरण** : (१) गाउँपालिकाले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

६१. **फोहरमैला सङ्कलन केन्द्र तोक्ने** : (१) गाउँपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि “सङ्कलन केन्द्र” भन्नाले घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने गाउँपालिकाले

तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई  जनाउँछ ।

६२. **फोहरमैलाको ढुवानी :**(१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

**स्पष्टीकरण :** उपदफा (१) को प्रयोजनको लागि "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा गाउँपालिकाले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६३. **फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग :** (१) गाउँपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको

परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग गाउँपालिकाले समन्वय गर्नेछ ।

६४. **स्रोतमा नै न्यूनिकरण कार्यक्रम लागु गर्ने** : (१) स्रोत देखी नै फोहरमैलाको परिमाणलाई घटाउने उद्देश्यले गाउँपालिकाले उद्योग, कल कारखानामा उपयोग हुने कच्चा पदार्थको संकलन देखी वस्तुको उत्पादन, प्याकिङ्ग, र वस्तु वा उत्पदनको प्रयोग पछिको बिर्सजनसम्म विभिन्न कदम वा तहमा उत्पन्न हुने फोहरमैला यथासक्य कम भन्दा कम उत्पन्न गर्नु पर्नेछ र कच्चा पर्दार्थको संकलन देखी वस्तुको उत्पादन, प्याकिङ्ग, र बस्तु वा उत्पदनको प्रयोग पछिको बिर्सजनसम्म प्रत्येक चरणमा स्रोतदेखी नै फोहरमैला यथाशक्य कम भन्दा कम उत्पन्न गरी स्रोतमा नै न्यूनिकरणको सिद्धान्त कार्यान्वयन तथा पालना गर्न गराउनका लागि निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्रोतमा न्यूनिकरणको सिद्धान्त कार्यान्वयन तथा पालना गरी फोहरमैलाको परिमाणलाई नघटाउने व्यक्ति, संस्था वा निकायलाई वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने सिद्धान्त अनुरुप बढी भन्दा बढी फोहरमैला व्यवस्थापन शुल्क लगाइ असुल उपर गर्नेछ ।

६५. **गाउँपालिका शून्य वा अपशिष्ट फोहरमैला तर्फ उन्मुख हुने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र शून्य वा अपशिष्ट फोहरमैलाको लक्ष्य प्राप्त गर्नका लागि शून्य वा अपशिष्ट फोहरमैला नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले तर्जुमा तथा कार्यान्ययन गर्ने शून्य फोहरमैला नीति तथा कार्यक्रममा देहाय बमोजिमका विषयवस्तु समावेश हुनेछन :

(क) शून्य फोहरमैलाको अवधारणका बिभिन्न आयामका साथै व्यक्ति, समुदाय, संघ संस्था वा अन्य पात्रहरुको भुमिका सम्बन्धी सञ्चार, जनचेतना र शिक्षा सम्बन्धी विभिन्न आयाम,

(ख) फोहरमैला उत्पन्न हुन सक्ने प्रकृतिका वस्तुहरुको खरीद वा उपयोगलाई छोड्न तथा त्याग (एभोइड) गर्ने सम्बन्धी पक्ष,

(ग) दिगो उपभोग व्यवहार ( सस्टेनेबल कन्जम्प्सन् बिहेभियर) का बिभिन्न आयाम र प्रावधान

(घ) स्रोत देखि नै फोहरमैलाको परिमाणलाई घटाउने सम्बन्धी व्यवस्था,

(ङ) उद्योग, कल कारखानामा स्रोत देखि नै फोहरमैलाको परिमाणलाई घटाउने सम्बन्धी ब्यवस्था,

(च) शून्य फोहरमैलाको अवधारणाको अवलम्बनबाट प्राप्त भएका वा हुन सक्ने

सम्भावित आर्थिक, सामाजिक तथा वातावरणीय फाइदा र उपलब्धिका साथै गाउँपालिकाले प्रदान गर्ने आर्थिक प्रोत्साहन,

(छ) कल, कारखाना उद्योग तथा अन्य संघ संस्था वा पसलले उत्पादन वा बिक्रि वितरण गरेको उत्पादन वा वस्तुको उपभोक्ताले प्रयोग गरेपछि उत्पन्न फोहरमैलाको व्यवस्थापन सम्बन्धमा कल, कारखाना उद्योग तथा अन्य संघ संस्था वा पसलले निर्वाह गर्नु पर्ने दायित्व सम्बन्धी विभिन्न आयाम, र

(ज) शून्य फोहरमैला नीतिमा समावेश गर्नु पर्ने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "शून्य अपशिष्ट वा फोहरमैला (जिरो वेस्ट)" भन्नाले कुनैपनि वस्तु वा उत्पादनको जीवन चक्रको अन्त्यमा गरिने पुनः चक्रीय प्रयोग (रि-साइकल) र कम्पोस्टिङ मात्र नभइ वस्तु वा उत्पादनको डिजाइन जस्ता सुरुवातका चरणदेखि वस्तु वा उत्पादनको सम्पुर्ण जीवन चक्रका विभिन्न चरणमा मूल्य मान्यताको जगेर्ना, वातावरणीय असरहरुको न्यूनीकरण र प्राकृतिक स्रोतहरुको संरक्षण

हुनेगरी पदार्थ (म्याटेरियल) को प्रयोग र व्यवस्थापन सम्झनु पर्छ ।

६६. **फोहरमैला व्यवस्थापन स्थल :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाउँपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) गाउँपालिकाले र अरु स्थानीय तहलाई एउटै फोहरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तह बिच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र शर्तमा दुइ वा दुइ भन्दा बढी स्थानीय तहले फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(४) गाउँपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि“फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)” भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

६७. **अनुमुमति सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला ब्यवसायिकरुपमा यवस्थापन सम्बन्धी काम गर्न वा गराउन हुदैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने सामुदायिक संघ संस्था वा नाफामुलक कम्पनी, वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ :-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक मानव संसाधन तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गाउँपालिकाले फोहरमैलाको व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन

अनुमतिपत्र दिदा सामुदायिक संघसंस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने** : (१) गाउँपालिकाले आवश्यकता अनुसार दफा ६६ बमोजिम अनुमतिप्राप्त सामुदायिक वा गैरसरकारी संस्थाद्धारा आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले सामुदायिक संघ, संस्था वा गैरसरकारी संघ, संस्था मार्फत फोहरमैला व्यवस्थापन गराउँदा सामुदायिक संघ, संस्था वा गैरसरकारी संस्थाको आर्थिक तथा प्राविधिक क्षमताको आधारमा देहायका कुनै वा सबै काम गराउन सक्नेछ :-

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन, र

(च) बन्द पश्चात् व्यवस्थापन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले जटिल प्रकृतिका फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

फोहरमैला विसर्जन, र बन्द पश्चात् व्यवस्थापन जस्ता काम नाफामुलक निजी क्षेत्रका कम्पनीबाट समेत गराउन सक्नेछ तथा सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक निजी क्षेत्रका कम्पनीबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक निजी क्षेत्रका कम्पनीबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

७०. **सेवा शुल्क उठाउन सक्ने** : (१) गाउँपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा गाउँपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिकाले आफैं वा निजले तोकेको सामुदायिक संस्था, गैरसरकारी संस्था वा नाफामुलक कम्पनी मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६७, ६८ वा ६९ बमोजिम गाउँपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको सामुदायिक संस्था, गैरसरकारी संस्था वा नाफामुलक निजी क्षेत्रका कम्पनीले गाउँपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर, सेवाप्रदायक सामुदायिक संस्था, गैरसरकारी संस्था वा कम्पनीले एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न वर्गलाई सेवा शुल्कमा छुट दिइनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता कोषमा राखी सो रकम फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

**७१.** **सेवा निलम्बन वा अन्त्य गर्न सक्ने** : (१) गाउँपालिकाले दफा ७० बमोजिमको सेवा शुल्क नबुझाउने

सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न दफा ६७, ६८ वा ६९ बमोजिम जिम्मेवारी पाएको सामुदायिक संस्था, गैरसरकारी संस्था र नाफामुलक कम्पनीले दफा ७० को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो क्षेत्र, निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी, व्यक्ति, संस्था वा निकाय आफैंले गर्नु  पर्नेछ ।

(४) सेवाग्राहीले दफा ७० बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद- ९

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था

७२. **मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व :** (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

७३. **सरसफाइ योजना तर्जुमा गर्ने** : (१) गाउँपालिकाले मानव मलमूत्रीय फोहोर यवस्थापन कार्य सुव्यवस्थित तवरले गर्नका लागि सरसफाइ योजना तर्जुमा गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम सरसफाइ योजना तर्जुमा गर्दा सहभागितामुलक रुपमा तयार गर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिम तर्जुमा गर्ने सरसफाइ योजनामा समावेश गर्नु पर्ने बिषयवस्तु तोकिए बमोजिम हुनेछ ।

७४. **दिसाजन्य लेदो खाली, सङ्कलन र ढुवानीको व्यवस्था गर्ने** : (१) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यवसायिक वा व्यापारिक रुपमा सेवा प्रदान गर्न हुदैन ।

(२) गाउँपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक सङ्कलन वा ढुवानीसम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजि श्रेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(४) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित दिसाजन्य लेदोलाई गाउँपालिकाद्वारा तोकिएको स्थानमा लगेर सुरक्षित रुपमा विसर्जन गर्नु पर्नेछ ।

(५) कसैले पनि अनधिकृत रुपमा पानीको स्रोत र बस्ति जस्ता क्षेत्रमा मानव मलमुत्रीय फोहोर विसजर्न गर्न हुदैन ।

(६) सेप्टिक टयाकं वा अन्य संकलन ट्यांकी सफाइ गर्दा सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी उत्कृष्ट अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(७) अनुमति प्राप्त सेवा प्रदायकले दिसाजन्य लेदोलाई सुरक्षित रुपमा व्यवस्थापन सुनिश्चित गर्नका लागि आधारभूत वा मानक संचालन कार्यविधि (Standard Operating Procedures - SOPs) अवलम्वन गर्नु पर्नेछ ।

(८) गाउँपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सङ्कलन वा ढुवानी गरेवापत सेवाग्राहिले तिर्नुपर्ने सेवा शुल्क निर्धारण गर्न सक्ने छ ।

(९) गाउँपालिकाले उपदफा (८) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्येक सेवा ग्राहिले अनुमति प्राप्त सेवा प्रदायकलाई बुझाउनु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिम गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क एकल महिला, अपाङ्गता भएका व्यक्ति, हलिया, दलित, तथा विपन्न घरधुरीलाई पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

७५. **दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन** : (१) गाउँपालिकाले मानव मलमूत्रीय फोहरको व्यवस्थापन गर्नका लागि दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रसोधन केन्द्र स्थापना र सञ्चालन

गर्दा सोको लागि व्यवसायिक योजना समेत बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(३) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहोर पानी सरकारद्वारा निर्धारित फोहोर पानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नेछ ।

(४) गाउँपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणको लागि निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ ।

(५) गाउँपालिकाले उपदफा (१) बमोजिम दिसाजन्य लेदोको प्रशोधन केन्द्र स्थापना र सञ्चालन सम्बन्धि विषयबस्तु तोकिए बमोजिम हुनेछ ।

७६. **<u>सामुदायिक सरसफाइ तथा स्वच्छता कायम गर्ने</u>** : (१) गाउँपालिकाले घरेलु स्तरमा निर्मित चर्पिहरुको स्तरोन्नती मापदण्ड बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पुर्ण सरसफाइका लागि गाउँ सरसफाइ तथा स्वच्छता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(३) प्रत्येक विद्यालयले बालबालिका, अपाङ्गता भएका व्यक्ति र छात्रा मैत्री संरचनाहरुको निर्माण गर्नु पर्नेछ ।

(४) नेपाल सरकारको सरसफाइ युक्त बिद्यालय सम्बन्धी मापदण्ड तथा प्रावधानलाई कार्यान्वयन गर्नु सबै बिद्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि “पुर्ण सरसफाइ” भन्नाले शौचालयको नियमित प्रयोग, चाङ्ग, फोहर फाल्ने खाडल, खेर गएको पानीको सदुपयोग, सुधारिएको चुलो, हात धुने स्थान लगायतका संरचनाहरु

निर्माण, प्रयोग तथा पुर्ण सरसफाइका सबै सूचकहरु पुरा भएको अवस्थालाई बुझ्नु पर्नेछ ।

७७. **सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने** : (१) गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) शौचालय निर्माण वा प्रयोग नगर्ने परिवार वा व्यक्तिलाई गाउँपालिकाले निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन नगरेमा सम्बन्धित व्यक्ति वा परिवारलाई गाउँपालिकाले प्रदान गर्ने कुनै सेवामा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

(३) कुनै पनि व्यक्ति वा संस्थाले भवन निर्माण गर्दा गाउँपालिकाको भवन निर्माण निर्देशिकामा उल्लेख भए बमोजिमको शौचालय बनाउनु पर्नेछ ।

(४) गाउँपालिकाले उपदफा (३) बमोजिम तोकिएको डिजाइन र मापदण्ड बमोजिम शौचालय निर्माण भएमा मात्र भवन निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्नेछ ।

(५) गाउँपालिकाले भवन निर्माण निर्देशिकामा उल्लेख भए बमोजिमका शौचालय संरचना निर्माणका लागि एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, तथा विपन्न घरधुरीलाई आंशिक वा पुर्ण अनुदान प्रदान गर्न सक्नेछ ।

(६) गाउँपालिकाले सेप्टिक टयाकं वा अन्य संकलन ट्यांकी सफाइ लगायत मानव मलमूत्रीय

फोहोरको व्यवस्थापन सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने सफाइकर्मीको फेहरिस्त वा सुची (रोष्टर) तयार गर्नेछ र सफाइकर्मीको फेहरिस्त वा सुची माग गर्ने नागरिकलाई प्रदान गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको फेहरिस्त वा सुचीमा समावेश भएका सफाइकर्मीको स्वास्थ्य, सुरक्षा र आर्थिक प्रोत्साहनका लागि गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्नेछ ।

७८. **शौचालय निर्माण गर्न पर्ने:** (१) गाउँपालिकाका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले शौचालयको प्रयोगमा ल्याउनु पर्नेछ र जोखिम पूर्ण अवस्थामा साबुन पानीले हात धुने व्यवस्था समेत गर्नु पर्नेछ ।

**स्पष्टीकरण** : यस उपदफा (१) को प्रयोजनको लागि "जोखिमपुर्ण अवस्था" भन्नाले खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरे पछि, बच्चाको दिसा धोए पछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने सम्झनु पर्छ ।

(२) गाउँपालिकाले गाउँपालिकाका हाटबजार, मेला पर्व लाग्ने स्थान, सांस्कृतिक वा धार्मिक स्थल, टोल टोल र चौकहरु जस्ता सार्वजनिक स्थलमा आवश्यक्ता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्नेछ र गाउँपालिकाले यस्ता सार्वजनिक स्थलमा शौलालय निर्माण तथा त्यसको संचालन कार्यविधि तयार गरी लागु गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले सार्वजनिक शौचालय निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गर्नु पर्नेछ ।

(४) सेप्टिक ट्यांक सामान्यतया देहाय बमोजिमको हुनुपर्दछ :

(क) पानी नचुहिने,

(ख) न्यूनतम दुई खण्ड भएको,

(ग) सेप्टिक ट्यांकका साथै सोकपिट भएको,

(घ) सेप्टिक ट्यांकको आकार आवश्यकता अनुरुप डिजाइन गरिएको र

(ङ) रित्याउने सेवाको सहज पहुँच हुने गरी म्यानहोलको व्यवस्था गरिएको। ।

(५) गाउँपालिकाका सबै विद्यालयहरुमा देहाय बमोजिम शौचालय सुबिधाको व्यवस्थापन गर्न पर्नेछ :-

(क) विद्यालयमा छात्र, छात्रा शिक्षकहरुका लागि प्रयाप्त शौचालयको उपलब्धता, जसमा ४० जना छात्र बराबर एक शौचालय र २५ जना छात्रा बराबर एक शौचालयको उपलब्धता, पुरुष र महिला शिक्षकहरुका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था हुनुपर्नेछ ।

(ख) छात्र छात्राका शौचालयमा प्यान वा कोमोडको र युरिनलको व्यवस्था हुनुपर्दछ।

(ग) शौचालयमा सावुन पानीको व्यवस्था हुनुपर्दछ ।

(घ) हरेक शौचालयमा नियमित रुपमा पानीको उपलब्धता हुनुपर्दछ ।

(ङ) नियमित रुपमा शौचालयको सरसफाइ हुनुपर्दछ ।

(च) विद्यार्थीहरुको लागि गोपनियता कायम गर्न भित्र र बाहिरबाट शौचालयको ढोकामा चुकुल लगाउने व्यवस्था हुनुपर्दछ ।

(छ) शौचालय अपाङ्गमैत्री हुनुका साथै छात्र शौचालयमा स्यानीटरी प्याड विसर्जन गर्ने व्यवस्था भएको हुनुपर्दछ ।

(६) गाउँपालिका क्षेत्रमा होटल व्यवसाय संचालन गर्ने सबैले अनिवार्य शौचालयको निर्माण गरी शौचालय सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(७) गाउँपालिका क्षेत्रमा सांस्कृतक मेला तथा महोत्सवहरु संचालन गर्दा आयोजक संस्थाले महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद- १०

## संस्थागत संरचना र काम कर्तव्य अधिकार

७९. **गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) गाउँपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) सवै वडा अध्यक्ष र महिला कार्यपालिका सदस्य - सदस्य

(घ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ङ) गाउँपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य -सदस्य

(च) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि -सदस्य

(छ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि -सदस्य

(ज) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

तिला गाउँपालिका

(झ) गाउँपालिका भित्रका विद्यालय ( आधारभुत र माध्यमिक) बाट महिला शिक्षिका २ जना र १ दलित शिक्षक -सदस्य

(ञ) महिला स्वास्थय स्वंसेविका एक जना -सदस्य

(ट) वन उपभोक्ता समुहहरुको एक जना प्रतिनिधि -सदस्य

(ठ) महिला समुह, वाल क्लव तथा युवा क्लबको को एक एक जना प्रतिनिधि -सदस्य

(ड) जगाउँपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने ईकाई वा शाखाको प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट गाउँपालिका अध्यक्षले गर्ने छन र निजहरुको कार्य अवधि दुई वर्षको हुनेछ।

(४) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८०. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तब्य र अधिकार :** गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता

समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मुलप्रबाहीकरण गर्न पहल गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता र जलउपयोग गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(छ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा र जलउपयोग गुरुयोजना प्रत्येक तीन वर्षमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना प्रणाली स्थापना गर्ने,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता तथ्यांक बार्षिक रुपमा नियमित अद्यावधिक गर्ने,

(झ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्युनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने, र

तिला गाउँपालिका

(ञ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

८१. **वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) गाउँपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षता वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्य र पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछ ।

(३) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

(४) वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।।

८२. **खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाई वा शाखाको व्यवस्था** : **(१)** गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने ईकाई को रुपमा काम गर्ने गरी एक खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाई रहनेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी, अस्थायी कर्मचारीहरु रहनेछन् ।

तिला गाउँपालिका

८३. **खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाई वा शाखाको भूमिका तथा जिम्मेवारी** : गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी, सरसफाइ तथा स्वच्छता, संस्थागत सरसफाइ लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायक, स्वयंसेवक, वाल क्लव, आमा समूह तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको सूचना प्रणाली नियमित अद्यावधिक गर्ने, तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

(ग) गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी जनचेतना जगाउन र पानीको उत्पादनशिल प्रयोग, बहुउपयोग तथा खपत

घटाउनका साथै खानेपानीको स्रोत तथा जलाधार क्षेत्रको संरक्षण र खानेपानी आयोजनाको संरक्षणका लागि आवश्यक प्रविधि, उपकरण र व्यवहार प्रवर्द्धनको लागि आवश्यक सामाजिक व्यवहार परिवर्तन कार्ययोजना बनाउने र कार्यक्रम सञ्चालनका लागि गाउँपालिकालाई आवश्यक सहजिकरण, क्षमता अभिवृद्धि तथा सञ्चालित कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(घ) उपभोक्ता संस्थाहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(ङ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन, पुनर्गठन, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(च) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता संस्थाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(छ) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता संस्थालाई कार्य समिति पुनर्गठन, व्यवस्थापन तालिम र अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(ज) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ञ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी

आर्थिक सहयोगको लागि समिति वा कोषमा सिफारिस गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

(ठ) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सचेतना अभियान र तालिम संचालन गर्ने गराउने तथा यस्ता अभियान र तालिममा महिला, विपन्न तथा बहिष्कृत वर्गको बढि भन्दा बढि सहभागिता गराउने, र

(ड) खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

८४. **एकजल निर्देशक समिति गठन गर्न सक्ने** : (१) एकजलको अवधारणालाई अझ बढि प्रभावकारी रुपमा अभिबृद्धि गर्नका लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा कृयाकलाप र जलाधार व्यवस्थापन सम्वन्धी आवश्यक अन्य औजार वा विधि तथा



तिला गाउँपालिका

अभ्यासहरु विकास र कार्यान्वयन गर्न सम्वन्धित स्थानीय तहलाई परामर्श सरसल्लाह सुझाव दिन, यस्ता संयुक्त योजना, नीति, कार्यक्रम र कृयाकलापको निर्माण तथा कार्यान्वयन गर्न र तिला कर्णाली जलाधारका अन्य स्थानीय तहसँग समन्वय, सहकार्य तथा संयुक्त नीति वा योजना तर्जुमा तथा कार्यान्वयन गर्न गाउँपालिकाले तिला कर्णाली जलाधारमा अवस्थित स्थानीय सरोकारवालहरुसँग मिली तिला कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तिला कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समिति गठन गर्न तथा सोको सदस्यका रुपमा गाउँपालिकाले विशेष भूमिका र जिम्मेवारी निर्बाह गर्नेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने तिला कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समितिसँग समन्वय, सहकार्य तथा संयुक्त नीति वा योजना तर्जुमा तथा कार्यान्वयन र समितिका निर्णयको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले देहाय बमोजिमको गाउँपालिका स्तरिय एकजल निर्देशक समिति गठन गर्न सक्नेछ र उक्त समतिमा देहायका सदस्य रहनेछन :-

(क) गाउँपालिकाको अध्यक्ष- सदस्य

(ख) गाउँपालिकाको उपाध्यक्ष- सदस्य

(ग) अध्यक्षले तोकेको एक जना महिला सदस्य -सदस्य

(घ). अध्यक्षले तोकेको गाउँपालिकाको क्याम्पसका

एक जना दलित वा महिला शिक्षक सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत विकास साझेदार मध्येबाट तिला गाउँ कार्यपालिकाले मनोनयन गरेको एउटा विकास साझेदार सस्था -सदस्य

(च). खानेपानी तथा सरसफाई उपभोक्ता सस्था र जल उपभोक्ता सस्था मध्येबाट कार्यपालिकाले मनोनय गरेको दुईवटा सस्था -सदस्य

(छ). नेपाल सरकार र प्रदेश सरकारको नदी बेसिन स्तरिय कार्यालयका प्रमुख मध्येबाट एकजना र नेपाल सरकार र प्रदेश सरकारका खानेपानी तथा सरसफाइ र जलस्रोत व्यवस्थापनको क्षेत्रमा कार्यरत कार्यालयबाट एक जना गरि जम्मा दुई जना पदेन -सदस्य

(ज) गाउँपालिका अध्यक्षले तोकेको गैर सरकारी सस्थाको दुई जना प्रतिनिधि सदस्य (झ) प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको गाउँपालिका स्तरिय एकजल निर्देशक समितिका अध्यक्ष, र सदस्य

सचिव सहित सात जानालाई तिला कर्णाली जलाधार स्तरिय एकजल निर्देशक समितिमा गाउँपालिकाको प्रतिनिधित्व गर्नका लागि कार्यपालिकाले मनोनयन गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको निर्देशक समितिको गठन गर्दा तिला कर्णाली जलाधार क्षेत्र भित्रका स्थानीय तह मध्येबाट बर्णानुक्रम बमोजिम क्रमिकरुपमा आलोपालो गरी सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले संयोजकत्व गर्नेछन ।

(६) यस समितिको संयोजकको पदावधी २ वर्षको हुनेछ ।

(७) उपदफा (१) बमोजिम जुन स्थानीय तह संयोजक हुनेछ सोहि स्थानीय तहले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्ने छ ।

(८) उपदफा (१) बमोजिम गठन गरिने परिषदको बैठक सम्बन्धी र अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

८५. **निर्देशक समितिको बैठक** : (१) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) निर्देशक समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा सात दिन अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

तर तत्काल निर्देशक समितिको बैठक बोलाउन आवश्यक भएमा निर्देशक समितिको संयोजकले बहत्तर घण्टा अगाडि निर्देशक समितिको बैठक बोलाउन सक्नेछ

र यसरी बैठक बोलाइएकोमा निर्देशक समितिको सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरि पठाउनु पर्नेछ ।

(३) कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशक समितिको बैठकको अध्यक्षता निर्देशक समितिको संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा निर्देशक समितिको उपसंयोजकले गर्नेछ ।

(५) निर्देशक समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा निर्देशक समितिका संयोजकले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) निर्देशक समितिको निर्णय निर्देशक समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८६. **निर्देशक समितिले आवश्यक समितिहरु गठन गर्न सक्ने**: (१) निर्देशक समितिले यस ऐन अर्न्तगत आफ्नो काम कर्तव्यहरु दक्षता पूर्वक सम्पादन गर्न आवश्यक समितिहरु गठन गर्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको नियुक्ति, बैठक तथा अन्य विषयबस्तुहरु तोकिए बमोजिम हुनेछ ।

८७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार**: (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) ताल, तलाऊ, पोखरी, नदी, झरना, भुमिगत जल, वर्षेपानी र फोहरपानी सबैको आ-आफ्नै महत्व छ भन्ने अवधारणा र संरक्षणको खाँचो उत्तिकै छ भन्ने यथार्तको सम्बर्द्धन गर्ने,

(ख) खाद्य सुरक्षा हासिल गर्नको लागि जलस्रोत व्यवस्थापन र खानेपानी तथा सरसफाइको गुणस्तर, मात्रा र समन्यायलाई एकीकृत समग्र (holistic) अवधारणाको सम्बर्द्धन गर्ने,

(ग) जलस्रोतको व्यवस्थापन वातावरणीय, आर्थिक तथा सामाजिक पक्ष र आवश्यकताहरु परिपूर्ति गर्नका साथै वहुउपयोग कर्ताका वहुउपयोगहरुलाई फाइदा हुने गरी सुनिश्चित गर्ने,

(घ) जलाधार र स्थानीय तहको कुनै निश्चित क्षेत्रको प्राकृतिक, भूगर्भ, जलचक्रलाई सम्मान गर्ने जलाधार र उपजलाधार स्तरीय सोच र कार्यक्रमको कार्यान्यन गर्ने,

(ङ) गाउँपालिका र जलाधार भित्रका जलस्रोत, जलाधार र अन्य प्राकृतिक स्रोतहरुको व्यवस्थापनका लागि जलाधार स्तरीय जलाधार व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन तथा प्रत्येक ५ वर्षमा समीक्षा तथा अद्यावधिक गर्ने,

(च) जलाधार भित्र अवस्थित स्थानीय तहका विकास योजनाहरुमा जलाधार व्यवस्थापन योजनाका उद्धेश्यहरु एकीकृत गर्न तथा सम्बर्द्धन गर्न विशेष भूमिका निर्वाह गर्ने,

(छ) जलाधार व्यवस्थापन योजनाको तर्जुमा तथा कार्यान्वयनमा र जलस्रोत व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न आयामहरु एकीकृत गर्ने,

(ज) जलस्रोत र जलाधारको योजना निर्माण र व्यवस्थापनमा महिला, दलित र विपन्न सरोकारवालाको आवाजलाई प्राथमिकता दिने र कार्यान्वनमा संलग्न गराउने,

(झ) जलस्रोत र जलाधार सम्बन्धि निर्णयहरु प्रमाणमा आधारित

भएर जलाधार स्तरमा लिने र त्यसरी निर्णय लिंदा स्थानीय, प्रादेशिक र राष्ट्रिय उद्धेश्यहरुका उपलब्धिसँग नबाभिने गरी लिने,

(ञ) जलाधार व्यवस्थापन योजना, उपजलाधार व्यवस्थापन योजना वा एकीकृत जलस्रोत व्यवस्थापन योजना समेत प्रमाणमा आधारित हुन भन्ने सुनिश्चित गर्नका लागि जलको गुणस्तर, मात्रा (परिमाण) तथा उपलब्धता लगायत जलाधारको स्वास्थ्य (health) को अनुगमन गर्ने,

(ट) सङ्घीय वा प्रादेशिक जलस्रोत, जलाधार व्यवस्थापन र नदी वेसिन योजनाको जलाधार स्तरमा कार्यान्वयन गर्न सहयोग गर्ने,

(ठ) उपयुक्त स्थानमा पारिस्थितिकीय सेवा वापतको भुक्तानी सम्बन्धी नीति तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ड) जलस्रोत, खानेपानी, फोहरपानी, वर्षाको पानीको एकीकृत रुपमा व्यवस्थापनका

तिला गाँउपालिका

लागि एउटै नीति तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ढ) जलाधारभित्र जलस्रोतको एकीकृत व्यवस्थापन सम्बन्धमा कुनै निकाय, प्राकृतिक स्रोत व्यवस्थापन समुह वा स्थानीय तहका बिचमा बिवाद भएमा सोको निराकरण वा निरुपण गर्ने, र

(ण) निर्देशक समितिले तोकेको अन्य काम कारवाही गर्ने ।

(२) समितिले आफ्नो काम, कर्तव्य निर्वाह गर्दा तिला कर्णाली जलाधार स्तरीय एकजल निर्देशक समितिले गाउँपालिकालाई सुम्पेको जिम्मेवारीको निर्वाह वा तर्जुमा गरेको संयुक्त नीति, निर्णय, योजना वा कार्यक्रमको गाउँपालिकाभित्र गाउँपालिका स्तरीय एकजल निर्देशक समिति तथा गाउँपालिकाले बिशेष तदारुकता साथ कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्देशक समितिको काम, कर्तव्यको निर्वाह र अधिकारको उपयोग गाउँपालिका स्तरमा गाउँपालिका स्तरीय एकजल निर्देशक समितिले गर्नेछ ।

## परिच्छेद- ११

## जरिवाना तथा क्षतिपुर्ति

**८८. जरिवाना :** (१) कसैले पनि देहायका कार्य गर्न हुदैनः :-

(क) संघीय खानेपानी तथा सरसफाई ऐन २०७९ को दफा ४२, फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानूनले कसुरको रुपमा निर्धारण गरेका कसुर

(ख) ऐनको दफा उल्लेखित प्राबिधिक डिजायन बिपरित कार्य

(ग) तोकिएको गुणस्तर भन्दा कमजोर कार्य

(घ) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति गर्ने

(ङ) प्राबिधिकको अनुमति वा सहयोगमा गर्नु पर्ने कार्य आफुखुसी गर्ने

(च) खानेपानी सेवालाई अवरुद्ध गर्ने

(छ) आयोजनाका संरचनाहरु तोडफोड गर्ने र

(ज) यो ऐन तथा यस ऐन अन्तरगत बनेका नियम बमोजिम गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम नगर्ने

(२) उपदफा (१) बमोजिमको कार्य गर्नेलाई देहाय बमोजिमको सजाय गरिनेछ ।

(क) उपदफा (१) को खण्ड (क) बमोजिम कार्य गर्नेलाई सम्बन्धित संघीय ऐन तथा प्रचलित कानून बमोजिमको सजायका लागि सम्बन्धित निकायमा पेश गरिनेछ ।

(ख) उपदफा (१) को खण्ड (ख) देखि (ज) बमोजिमका कार्य गरेमा गाउँपालिकाले

विगो बमोजिमको क्षतिपुर्ति र रु ५००० देखि ५०००० सम्म जरिवाना गराउन सक्नेछ ।

८९. **अनुसन्धान अधिकृत तोक्ने** : यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिकाले कानून अधिकृत वा कानून अधिकृत नभएमा कम्तीमा पाँचौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

९०. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी** : (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

९१. **प्रचलित कानून बमोजिम सजाय हुने** : यस ऐन अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

९२. **पुनरावेदन दिन सकिने** : दफा २६ को उपदफा (५) दफा बमोजिम उपभोक्ता संस्थाको दर्ता खारेज गर्ने गाउँपालिकाको निर्णय उपर चित्त नबुझ्ने सम्बन्धित उपभोक्ता संस्था, दफा २६ बमोजिम कार्य समितिको निर्णय उपर चित्त नबुझ्ने वा दफा ८८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने उपभोक्ता संस्था, व्यक्ति, पदाधिकारी, संघ

संस्था, निर्माण व्यवसायी वा सम्बन्धित प्राविधिकले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद- १२

## विविध

९३. **पारिस्थितिकीय सेवा वापतको भुक्तानी सम्बन्धी व्यवस्था गर्न सक्ने :** (१) गाउँपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग वापतको भुक्तानी सम्बन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

**स्पष्टीकरण** : उपदफा (१) को प्रयोजनको लागि "पारिस्थितिकीय सेवा" भन्नाले विभिन्न पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने पानी, कपडा र अन्य सामग्री बनाउन आवश्यक कच्चा पदार्थहरू,जैविक र आनुवंशिक स्रोतहरू, औषधीजन्य बिरुवाहरू जस्ता प्रावधान सेवा; पानी र हावा शुद्धीकरण, कार्बन भण्डारण, जलवायु नियमन, सडन, अपघटन वा विघटन (डिकम्पोजिसन), पराग सेचन, जैविक कीट (अर्गानिक पेष्ट) र रोग नियन्त्रण जस्ता नियमन सेवा; मनोरञ्जन, सौन्दर्य, पर्यटन र आध्यात्मिक गतिविधि जस्ता सांस्कृतिक सेवा; र पोषक तत्व, प्रकाश संश्लेषण, प्राकृतिक चक्र (नेचुरल साइकल), माटोको सृजना जस्ता सहयोगी सेवा सम्झनु पर्छ र सो शब्दले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्बन सिञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन, तथा अन्य सेवा क्षेत्रबाट प्राप्त हुने लाभ समेतलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकीय सेवाको व्यवस्थापन वापतको भुक्तानी सम्बन्धि नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९४. **पुरस्कार सम्बन्धी व्यवस्था** : खानेपानीको स्रोत, मूल वा मुहानको संरक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र, जलस्रोतको व्यवस्थापन, वा फोहोरमैला व्यवस्थापनको क्षेत्रमा उत्कृष्ठ व्यबहार गर्ने वा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

९५. **निर्देशन दिन सक्ने** : गाउँपालिकाले उपभोक्ता संस्था, अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी, तथा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९६. **अधिकार प्रत्यायोजन** : (१) गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

(२) गाउँपालिकामा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ ।

९७. **नियम बनाउन सक्ने** : गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

९८. **निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ।

९९. **खारेजी र बचाउ** : (१) तिला गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन २०७७ र तिला गाउँपालिकाको जलश्रोत तथा मुहान दर्ता कार्यविधि २०७७ खारेज गरिएको छ।

(२ ) तिला गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि ऐन २०७७ र तिला गाउँपालिकाको जलश्रोत तथा मुहान दर्ता कार्यविधि २०७७ बमोजिम यस अघि भए गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ।

तिला गाउँपालिका

## अनुसुची १

*(दफा ११ उपदफा (१) सँग सम्बन्धित)*

### खानेपानीका मुल वा स्रोत दर्ताका लागि दिइने निवेदन

श्री अध्यक्ष ज्यू

तिला गाउँ कार्यपालिकाको कार्यालय,

डुण्डेली, जुम्ला ।

**विषय: खानेपानीको मुल वा स्रोत दर्ता गरिदिने सम्बन्धमा ।**

हामी निवेदकहरुले ...... ....... ....... ..... ....... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले तिला गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० बमोजिम पानीको वा खानेपानीको स्रोत, मूल वा मुहान दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान, वडा समितिको सिफारिस र उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णय सहित आवेदन दिएका छौँ ।

**विवरण:**

१. उपभोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :

(क)

(ख)

(ग)

४. उपयोग गर्ने जलस्रोतको विवरण :

(क) जलस्रोतको नाम र ठेगाना (रहेको ठाउँ):

(ख) मूल वा स्रोतको उपयोगीता :

(ग) उपयोग गर्न चाहेको स्रोतको परिमाण :

(ग) मूल वा स्रोतको हाल भैरहेको उपयोग :

५. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :

सेवाको किसिम :

सेवा पुऱ्याउने क्षेत्र :

लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

६. कुनै संघ सस्थाबाट सहयता व्यहोरिने भए सो सम्बन्धमा त्यस संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत्सम्बन्धी कागजातहरु संलग्न गर्नू पर्नेछ

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने ब्यक्तिहरुको नाम, पद र ठेगाना, ........................................................

मिति :

## अनुसूची - २

*(दफा ११ को उपदफा (६) सँग सम्बन्धित)*

### मुल दर्ता प्रमाण पत्र

दर्ता मिति :

दर्ता नम्बर :

मिति :

श्री ................................. ............ ............ .................(सम्बन्धित उपभोक्ता संस्थाको नाम) ले तिला गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को दफा ११ बमोजिम......... ..........साल............... महिना .... ...... गतेमा यस कार्यालयमा मुल दर्ता गराउन निवेदन दिएकोमा आवश्यक कारवाही पश्चात जलस्रोत व्यवस्थापन समितिको निर्णय बमोजिम यो मूल दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० बमोजिम खानेपानीको मुल वा स्रोतको उपयुक्त तरिकाले संरक्षण गरी आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाण पत्र दिने अधिकारीको नाम :

पद :

हस्ताक्षर :

कार्यालय :

मिति

छाप :

## अनुसूची -३

*(दफा १५ को उपदफा (७) सँग सम्बन्धित)*

## खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ताको लागि दिइने निवेदन

श्री अध्यक्ष ज्यू

तिला गाउँ कार्यपालिकाको कार्यालय,

डुण्डेली, जुम्ला

**विषयः खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गरिदिने बारे ।**

तिला गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को व्यवस्था बमोजिम वडा समितिको सिफारिस र उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णयमा उल्लेख भए बमोजिमको खानेपानीको स्रोत वा मुहानको दर्ता र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गरी उक्त उपभोक्ता संस्था दर्ता गरी पाउन वडा समितिको सिफारिस र उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णयको एक प्रति सहित सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता संस्था दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक,

............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको तर्फबाट

क्र.सं. तर्दथ समितिका सदस्यको नाम पद दस्तखत

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

मितिः-............................

तिला गाँउपालिका

## अनुसूची -४

*(दफा १५ को उपदफा (८) सँग सम्बन्धित)*

**उपभोक्ता संस्था दर्ताको प्रमाणपत्रको नमूना**

तिला गाउँ कार्यपालिकाको कार्यालय

डुण्डेली, जुम्ला

दर्ता नं. :-

मितिः-

**उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र**

श्री............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था

............................

यस गाउँ कार्यपालिकाको मिति......................... को निर्णय अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई दर्ता गरी सहज र दिगो रुपमा स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउन सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र प्रदान गरिएको छ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः

१.

२.

३.

...................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सेवा क्षेत्र

खानेपानीको स्रोत वा मुहानको नाम :

घर धुरीको संख्याः-

कुल जनसंख्याः-

प्रमाणपत्र दिने अधिकारी

नामः-

दर्जाः-

दस्तखतः-
मितिः-
**<u>द्रष्टव्यः</u>**- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन तिन सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

प्रमाणीकरण मिति २०८०।०३।१०

<u>आज्ञाले</u>
मोहन बहादुर बिष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०।०३।२१

तिला गाँउपालिका